# बाँके जिल्ला अदालत

०८१-५२०२७०

प्रशासन शाखा

Email:admin.dcbanke@supremecourt.gov.np

नेपालगंज, बाँके


प.स:०७७/७८

मिति-२०७७।०४।३२

# सूचना । सूचना ।। सूचना

उपर्युक्त सम्बन्धमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) बाट यस अदालतमा कार्यरत कर्मचारी १ जना कर्मचारी संक्रमित पुष्टि भईसके पछि उत्पन्न परस्थितिको बारेमा छलफल गर्न आकस्मिक रुपमा यस अदालतमा बार-बेञ्चको बैठक बसी यस अदालतबाट प्रवाह हुने सेवालाई संकुचन गरिएको व्यहोरा यहाँहरुलाई यस अदालतको मिति २०७७ साल श्रावण १५ गतेको सूचनाबाट जानकारी गराइएको व्यहोरा अवगत नै छ ।

यस अदालतमा कार्यरत माननीय जिल्ला न्यायाधीश ज्यू तथा सम्पुर्ण कर्मचारीको स्वाव संकलन गरी कोरोना परिक्षण PCR रिपोटबाट ३ जना कर्मचारी र एक जना विगो असुलीको कर्मचारी संक्रमित भएको पुष्टि हुन आयो, हाल उहाँहरु आइसोलेसनबाट डिस्चार्ज भई होम आइसोलेसनमा वसिरहनु भएको छ ।

यस अदालतमा कार्यरत माननीय जिल्ला न्यायाधीश तथा सम्पुर्ण कर्मचारीको कोरोना परीक्षण PCR रिपोट आईसकेको तथा कर्मचारी जिल्ला प्रशासन कार्यालय बाँके बाट जारी भएको निषेधाज्ञा मिति २०७७।०४।३० गते शुक्रबार राति १२:०० बजेबाट समाप्त भईसके पछिको अवस्थालाई दृष्टिगत गरी आज यस अदालतमा बार बेञ्च र सरकारी वकीलको बैठक बसी आजबाटै संकुचन गरिएका सम्पुर्ण सेवालाई सञ्चालन गर्ने निर्णय गरिएको छ । सेवा लिन आउँदा यहाँले कोरोना भाईरसको जोखिम नियन्त्रण गर्दा अपनाउनु पर्ने सावधानी अनीवार्य रुपमा पालना गर्नु पर्नेछ जस अन्तर्गत देहाय बमोजिमको कार्यहरू यहाँहरुले कार्यान्वयन गरी वा गर्न लगाई सहयोग गरी दिन हुन यो सूचना प्रकाशित गरिएको छ।

१. यस अदालतबाट प्रदान गरिने सेवालाई मिति २०७७।०४।३२ बाट नियमित र व्यवस्थित रुपमा सूचारु गरिएको छ, सेवा लिन आउँदा सम्पुर्ण सेवाग्राहिले कोरोना जोखिम नियन्त्रणको लागि यस अदालतबाट मिति २०७७।०४।०८ प्रकाशित भएको सूचनामा तय गरेका सुरक्षा सम्बन्धी मापदण्ड अनिवार्य रुपमा लागु गर्नुपर्नेछ ।

२. जिल्ला प्रशासन कार्यालयबाट जारी निषेधाज्ञा समाप्त भएता पनि कोरोना भाईरस (कोभिड-१९) को जोखिम झन बढ्दै गईरहेको अवस्थालाई मध्यनजर गर्दैं विभिन्न मुद्दाहरुमा फरार रहेका प्रतिवादीहरुलाई यस अदालतमा आवश्यक कारबाहीको लागि उपस्थित गराउन ल्याउँदा अनिवार्य रुपमा कोरोना भाईरस परीक्षण PCR रिपोट negative नतिजा आएको मितिले ५ दिन भित्र हाजिर गराउन उपस्थित गराउनु पर्नेछ ।

३. यस अदालतको क्षेत्राधिकार परी अभियोग पत्र पेश गर्ने जिल्ला सरकारी वकील कार्यालय, डिभिजन तथा सव वन डिभिजन वन कार्यालय, खाद्य तथा नाप तौल गुणस्तर विभाग, औषधी व्यवस्था विभाग, राष्ट्रिय निकुञ्ज लगायतका कार्यालयबाट अभियोग पत्रसाथ उपस्थित गराइने प्रत्येक प्रतिवादीको अनिवार्य रुपमा कोरोना परीक्षण PCR रिपोट सहित यस अदालतमा उपस्थित गराउनु पर्नेछ ।